बजेट किताब
Red Book

आ.व. २०८३/८४

(वार्षिक नीति, बजेट तथा कार्यक्रम)



सुनकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय


मुलखर्क, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

बजेट किताब
Red Book

आ.व. २०८३/८४

(वार्षिक नीति, बजेट तथा कार्यक्रम)



सुनकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मुलखर्क, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

प्रकाशक



सुनकोशी गाउापालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुलखर्क, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

विषय सूची

१. वार्षिक नीति तथा कार्यक्रम १

२. वार्षिक बजेट तथा कार्यक्रम..... २१

३. विनियोजन ऐन, २०८३..... ९३

४. आर्थिक ऐन, २०८३ ..... ९७

५. गाउँसभाको १९ औं अधिवेशनको निर्णय १३९

६. गाउँपालिकाको सङ्गठनात्मक संरचना १४४

७. गाउँपालिकाको दरबन्दी तेरिज १४५

८. जनप्रतिनिधिहरूको विवरण १५०

९. कर्मचारीहरूको विवरण १५३

१०. सामुदायिक विद्यालयका विवरण.....१६९

११. सामुदायिक विद्यालयका शिक्षकको विवरण १७२

१२. सुनकोशी गाउँपालिका स्थानीय कानूनहरू १९१

वार्षिक नीति तथा कार्यक्रम

श्री गाउँपालिका उपाध्यक्ष,
श्री गाँउसभाका सदस्यहरु,

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम मुलुकमा बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली तथा सङ्घीय संरचनाको कार्यान्वयन भइरहेको छ। राष्ट्रहित, लोकतन्त्र तथा अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक सञ्चालन गरेका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग तथा बलिदानको परिणामस्वरूप नेपालको संविधान निर्माण भएको हो। सोही संविधानको मार्गदर्शन तथा मर्मअनुरूप हामी आज यस सम्मानित गाउँसभामा उपस्थित भएका छौं।

"संस्कृति, पर्यटन, कृषि र पूर्वाधार : समावेशी सुनकोशी समृद्धिको आधार" भन्ने सुनकोशी गाउँपालिकाको मूल नारालाई आत्मसात् गर्दै यस गाउँपालिकाको ऐतिहासिक गाउँसभाको उन्नाइसौं अधिवेशनमा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरूलाई हार्दिक स्वागत गर्दछु।

संविधानले सुनिश्चित गरेका प्रावधानहरूको व्यवहारिक कार्यान्वयनका क्रममा पहिलो स्थानीय तह निर्वाचन, २०७४ को कार्यकाल सम्पन्न भई दोस्रो स्थानीय तह निर्वाचन, २०७९ पश्चात सुनकोशी गाउँपालिकाको स्थानीय सरकारको रूपमा कार्यसम्पादन गर्दै आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित तथा हर्षित भएको छु।

देशलाई वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउन आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै जनआन्दोलनका घाइतेहरू, द्वन्द्वपीडितहरू तथा देशमा गणतन्त्र स्थापना र सङ्घीयता कार्यान्वयनमा महत्वपूर्ण योगदान पुऱ्याउने सम्पूर्ण ज्ञात तथा अज्ञात व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

सङ्घीयता तथा स्थानीय सरकारमार्फत "गाउँ-गाउँमा सिंहदरबार" को अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी आज हाम्रो काँधमा आएको छ। यो हाम्रो लागि अवसर र चुनौती दुवै हो। यस जिम्मेवारीलाई सफलतापूर्वक निर्वाह गर्न सुनकोशी गाउँपालिकाको नेतृत्व गर्ने अवसर प्रदान गर्नुहुने सम्पूर्ण सुनकोशीवासीप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै यहाँहरूको आशा, अपेक्षा तथा हाम्रो प्रतिबद्धतालाई सार्थक रूपमा कार्यान्वयन गर्ने दिशामा स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम केन्द्रित रहेको जानकारी गराउँदछु।

स्थानीय आवश्यकता तथा जनचाहनाअनुरूप लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित सामाजिक तथा आर्थिक रूपान्तरण, सुशासन, पारदर्शिता, विकास, सामाजिक न्याय तथा समानतालाई आत्मसात गर्दै समृद्ध सुनकोशी गाउँपालिकाको निर्माण गर्ने उद्देश्यले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा विशेष रूपमा देहायका विषयहरूलाई प्राथमिकताका साथ समावेश गरिएको छ।

(१) सुनकोशी गाउँपालिकाले स्थानीय सरकारको मर्म र जिम्मेवारी अनुसार जनताको मुख्य आवश्यकतालाई केन्द्रमा राखी सङ्घीय लोकतान्त्रिक मूल्य मान्यताका आधारमा स्थानीय शासनलाई सुदृढ र प्रभावकारी बनाउने।

(२) स्थानीय भौतिक पूर्वाधारको विकासलाई मुख्य प्राथमिकता दिई गाउँपालिकाको विकासमा जोड दिने, कृषि, सूचना प्रविधि लगायत अन्य पूर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिई गाउँपालिकाको सन्तुलित, समावेशी र दिगो विकासमा जोड दिने।

(३) स्थानीय जनताको आधारभूत आवश्यकताको रुपमा रहेका स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई क्षेत्रको विकासमा विशेष ध्यान दिई सुधार तथा सबलीकरण गर्ने।

(४) गाउँपालिकाको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सहयोग गर्ने कृषि, पशुपन्छी, उद्योग, व्यापार व्यावसाय, सहकारी लगायतका क्षेत्रको विकासलाई प्राथमिकता दिने।

(५) सबै वर्ग, जाती, भाषा, धर्म, लिङ्ग र समुदायको स्थानीय शासनमा आत्मसात गरी सामाजिक, साँस्कृतिक ऐकबद्धता, सहिष्णुता तथा सद्भाव गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको आधारमा सभ्य समाज निर्माण गर्ने।

(६) सार्वजनिक सेवा प्रवाहलाई सुशासन, पारदर्शिता, जनउत्तरदायी, सरल र सहज बनाई जनताको भावना र आवश्यकता परिपूर्ति गर्ने सार्वजनिक प्रशासन निर्माणलाई निरन्तरता दिने।

गाउँ सभा सदस्यज्यूहरु,

अब म सुनकोशी गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम विषय क्षेत्रगत रुपमा प्रस्तुत गर्दछु।

आर्थिक विकास क्षेत्र

कृषि तथा पशुपन्छी

१. गाउँपालिका कृषिक्षेत्रको विकासको लागि कृषि पूर्वाधार निर्माण, बजार व्यवस्थापन गर्न बजेट व्यवस्था गरिनेछ।

२. दुध तथा मासु उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम ल्याइने छ। गाउँपालिका क्षेत्रमा दुध डेरी तथा दुध सङ्कलन गर्न दुग्ध चिस्यान केन्द्र तथा कृषि जन्य उत्पादनको सङ्कलन तथा चिस्यान केन्द्र स्थापना गरिनेछ। चालु आ.व.मै पालिका सदरमुकाम क्षेत्रमा एक चिस्यान केन्द्र निर्माण गर्न उचित पहल गरिनेछ।

३. हालको बढ्दो बाझो जमिनको प्रयोगको लागि कार्ययोजना बनाई लागु गरिनेछ।

४. चिया, कफी, अलैचि खेतीमा प्रवर्द्धन गरिनेछ।

५. व्यवसायिक र सामूहिक खेती प्रवर्द्धन गर्न कृषि तथा पशु फर्म सञ्चालन गर्न र कृषक समूह क्रियाशिल राख्न आवश्यक वातावरण बनाईनेछ।

६. प्राकृतिक प्रकोप, रोग लागेर कृषि तथा पशुपा लन हुने जोखिमलाई कम गर्न कृषि तथा पशु बीमामा गाउँपालिकाले अनुदान दिनेछ।

७. मोलुङ तथा सुनकोशी किनारमा रहेका खेतियोग्य तर सिंचाईको अभाव रहेका खेतीयोग्य जमिनको लागि साना सिंचाई कार्यक्रम मार्फत सिंचाईको व्यवस्था गरिनेछ साथै सौर्य सिँचाईको लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र मार्फत कार्यक्रम सञ्चालनको लागि पहल गरिनेछ।

८. समयमा उत्पादन हुने कृषि उपजको कृषि प्रदर्शनी आयोजना गरी उत्कृष्ट कृषकलाई सम्मान गरिनेछ साथै एक गाँउ एक उत्पादन गरिनेछ।

९. सुनकोशी गाउँपालिकामा उत्पादित कृषि उपजहरुको बिक्री वितरणको लागि गाँउपालिका आसपास हाट बजारको व्यवस्थापन गरिनेछ। साथै प्रत्येक वडामा कम्तीमा एक हाट बजार को लागि पहल गरिनेछ।

१०. यस गाउँपालिकामा स्थापना भई निष्क्रिय रहेका कृषि सहकारीहरुलाई सक्रिय बनाउनुका साथै प्रत्येक वडामा एउटा कृषि सहकारी स्थापना गरिनेछ। वडाका प्रत्येक घरपरिवारलाई कम्तीमा एउटा सहकारी संस्थाको सदस्यता प्राप्त गर्न आवश्यक व्यवस्था सहित प्रोत्साहित गरिनेछ। साथै एक वडा एक महिला सहकारीको अवधारणालाई अगाडि वढाइने छ।

११. कृषि क्षेत्रमा बाली बीमा पशु विमा तथा आम नागरिकको स्वास्थ्य बीमा लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ। दिगो कृषिको माध्यमवाट कृषकको जीविकोपार्जन सुधार कार्यक्रममा विशेष जोड दिइनेछ।

१२. **"आत्मानिर्भरताका लागि आफ्नै उत्पादन"** कार्यक्रम सञ्चालन गरि कृषि, पशुपालन, नगदेबाली लगायतका क्षेत्रलाई वैज्ञानिक, व्यवसायिक, तथा उत्पादनमूलक बनाई थप रोजगारिको सिर्जना गरिनेछ। उक्त कार्यक्रमको दायरामा साना किसानलाई प्राथमिकता दिइने छ।

१३. संभाव्यता अध्ययन गरी आम्दानिको स्रोतलाई वृद्धि गर्दै रोजगारी समेत सृजना गर्ने उदेश्यले चिया, कफी, तथा जडिबुटी खेती कार्यलाई प्रोत्साहन गरिनेछ।

१४. कृषि उत्पादनमा वृद्धि, बाली संरक्षण तथा बाली रोग नियन्त्रणका लागि विज्ञहरूको उपस्थितिमा बाली स्वास्थ्य क्लिनिक (Plant Clinic) सञ्चालन गरिनेछ। साथै माटो सुहाउँदो बाली उत्पादन तथा उत्पादनशीलता अभिवृद्धिका लागि माटो परीक्षण शिविर सञ्चालन गरिनेछ। कृषि क्षेत्रको विकासका लागि अन्य दातृ निकायसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ।

१५. सुनकोशी गाउँपालिकाभित्रका नागरिकको आर्थिक अवस्था सुदृढ तथा समृद्ध बनाउन कृषि उत्पादनमा आधारित उद्यमशीलता विकास, बजारीकरण तथा आयआर्जनका

कार्यक्रम सञ्चालन गरिनेछ। साथै **"एक वडा एक उद्यम"** कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

उद्योग, व्यापार, व्यवसाय तथा पर्यटन प्रवर्द्धन

१६. सुनकोशी गाउँपालिकामा साना तथा घरेलु उद्योग स्थापना र सञ्चालन गर्ने प्रोत्साहित गर्ने कार्यक्रम ल्याईनेछ।

१७. गाउँपालिकाभित्र सञ्चालन भएका व्यापार, व्यवसायलाई दर्ता प्रक्रियामा ल्याई दर्ता, सुचीकृत र नवीकरण गरी व्यवस्थित गरिनेछ।

१८. सुनकोशी गाउँपालिकाको वडा नं. ७, ठूलीपोखरी क्षेत्रलाई व्यवस्थित गरी सात वटा पोखरी र चञ्चलादेवी मन्दिरलाई धार्मिक र प्राकृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।

१९. सुनकोशी गाउँपालिका वडा नं. ५ मा रहेको नागी डाँडा र बुद्धको मूर्ति क्षेत्रलाई पर्यटकी गन्तव्य बनाईनेछ।

२०. सुनकोशी गाउँपालिकाको वडा नं. ९ को ककनी गाउँ र तीनछाङ्गे झरनालाई होमस्टे र पर्यटन क्षेत्र बनाईनेछ।

२१. वनजन्य तथा जडिबुटी संरक्षण गर्नुका साथै व्यापारिक महत्वका जडिबुटीको उत्पादन तथा सङ्कलनलाई व्यवस्थित बनाई प्रोत्साहित समेत गरिनेछ।

२२. गाउपालिकाको पूर्व स्वीकृति, सहमति, जानकारी विना कुनै पनि लघु वित्त कम्पनीहरुलाई आर्थिक कारोवार गर्न रोक लगाइनेछ। यदि त्यस्तो पाइएमा नियमानुसार कडा भन्दा कडा कारवाहीको प्रक्रिया अगाडी बढाइने छ।

सहकारी, बैंक तथा वित्तीय व्यवस्था

२३. गाउँपालिकाभित्र सञ्चालन भएका सहकारी संस्थाहरुलाई नियमन, अनुगमन र निरीक्षण गरी व्यवस्थित गरिनेछ।

२४. कृषि, व्यवसाय, व्यापार, उद्यममा सहकारी संस्थाहरुसँग समन्वय गरी कार्य गरिनेछ।

२५. कृषि सहकारी, उत्पादक सहकारी र लक्षित सहकारीलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ।

२६. सबै नागरिकहरुलाई वित्तीय पहुँच पुऱ्याउन बैङ्क खाता खोल्न प्रोत्साहित गरिनेछ। वित्तीय ज्ञान र सीपको लागि वित्तीय साक्षरताको लागि सचेतना कार्क्रम सञ्चालन गरिनेछ।

२७. गैरसरकारी संस्थाहरुका क्रियाकलापहरुलाई गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको स्वीकृतिमा मात्र सञ्चालन गरिनेछ भने विकास कार्यमा सहकार्य गर्ने विभिन्न गैरसरकारी संस्था तथा इच्छुक व्यक्ति वा निकायसँग गाउँपालिकाको उद्देश्य अनुरुपका कार्यक्रम सञ्चालनमा भने सहकार्यात्मक ढङ्गले अघि बढ्ने नीति लिइने छ।

जलस्रोत तथा सिँचाई

२८. जलस्रोतको संरक्षण तथा जलवायू अनुकुलका लागि एक बडा एक Recharge पोखरीको अवधारणालाई थप प्रभावकारी बनाउँदै प्रत्येक वडाको उच्च स्थानको एक ठाउँमा बनेका Recharge पोखरीको थप स्तरोन्ती र अन्य ठाउँमा आवश्यक पोखरी निर्माण गरिनेछ।

२९. जलस्रोतको मूहान संरक्षणको लागि आवश्यक कदम चालिनेछ।

३०. गाउँपालिकाको खेतीयोग्य जमिनहरुमा सिंचाई सुविधा पुऱ्याउन सिचाई कुलो निर्माणलाई जोड दिईनेछ।

३१. सिंचाई प्रणालीलाई व्यवस्थित, निरन्तर र दिगो बनाउन जल उपभोक्ता संस्था गठन र स्थापनामा जोड दिईनेछ।

गाउँ सभा सदस्यज्यूहरु,

अब म सुनकोशी गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रममा सामाजिक विकास क्षेत्रको विषयगत क्षेत्र र उपक्षेत्रगत रुपमा प्रस्तुत गर्दछु।

सामाजिक विकास क्षेत्र

शिक्षा

३२. शिक्षाक्षेत्र सुधार गर्न विद्यालयको भौतिक पूर्वाधार निर्माण, शिक्षकहरु क्षमता विकास र शैक्षिक सामग्रीमा गाउँपालिकाले जोड दिनेछ।

३३. विद्यालयको दुरी, भुगोल, शिक्षक सङ्ख्या र विद्यार्थी सङख्याको आधारमा विद्यालय समायोजन, दरबन्दी मिलान गरी शैक्षिक सुधारमा पहल गरिनेछ।

३४. प्रारम्भिक बाल विकास केन्द्रलाई राष्ट्रिय र गाउँपालिकाको मापदण्ड बमोजिम बनाई प्रारम्भिक बाल विकास शिक्षालाई व्यवस्थित गरिनेछ।

३५. सामुदायिक विद्यालयहरुको वार्षिक परीक्षा एकीकृत रुपमा सञ्चालन गरी सिकाई उपलब्धि मापन गरी सुधारको लागि कार्य गरिनेछ।

३६. अध्यक्ष शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरी केन्द्र सरकारको विशेष अनुदान मार्फत आगामी आर्थिक वर्षमा सुनकोशी गाउँपालिकाको शैक्षिक विकास, सूचना प्रविधि तथा साक्षरता सुधार कार्यक्रमलाई शसक्त ढङ्गले सञ्चालन गरि शिक्षा क्षेत्रमा आमूल परिवर्तको प्रत्याभूति गराईने छ।

३७. गाउँपालिका अध्यक्षसँग विद्यालय बालबालिका कार्यक्रम सञ्चालन गरी बालबालिकाहरुलाई विद्यालय जानको लागि उत्प्रेरित गर्ने उदेश्यले सामुदायिक विद्यालयका कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुलाई गाउँपालिकाको लोगो सहितको विद्यालय झोला वितरण गरिनेछ।

३८. 'गाउँमै पढौं गाउँमै रमाउँ" कार्यक्रम सञ्चालन गरी सामुदायिक विद्यालयका ५ कक्षा सम्म अध्ययन/अध्यापन गराउने शिक्षक / शिक्षिकाहरुलाई मन्टेश्वरी लगायत अन्य विभिन्न आवश्यक तालिम मार्फत थप दक्ष बनाउँदै गाउँपालिका भित्र कम्तीमा एक प्राथमिक विद्यालयलाई अङ्ग्रेजी भाषाको माध्यमवाट सञ्चालन गरी क्रमश कक्षा ५ सम्मलाई अङ्ग्रेजी माध्यम मा सञ्चालन गरिनेछ।

३९. सामुदायिक विद्यालयहरुलाई आवश्यक समायोजन तथा शिक्षक व्यवस्थापन र शैक्षिक सूधारमा कार्यक्रम लाई निरन्तरता दिइने छ।

४०. यस गाउँपालिका भित्रका विद्यालयहरुबाट आधारभूत शिक्षा परीक्षा (BLE) तथा माध्यमिक शिक्षा परीक्षा (SEE) मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई नगद सहित सम्मानित गरिनेछ।

४१. आधारभूत तह शिक्षा परीक्षा (BLE) र माध्यमिक तह शिक्षा परीक्षा (SEE) मा उत्कृष्ट नतिजा हासिल गर्ने यस गाउँपालिका भित्रका एक एक विद्यालयलाई सम्मान गरिनेछ।

४२. यस गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुको विद्यार्थी सङ्ख्या भूगोलको आधारमा पूनः नक्साङ्कन गरिनेछ। यस क्रममा विद्यालयहरु गाभ्ने तथा विद्यालयहरुको स्थापना गर्ने समेत कार्यलाई निरन्तरता दिइनेछ। प्रस्तावित मा.वि.हरुमा स्थायी दरबन्दीको लागि सङ्घीय सरकारसँग पहल गरिनेछ।

४३. प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिदै यस गाउँपालिका भित्र सञ्चालनमा रहेका तथा सञ्चालनको प्रक्रियामा रहेका प्राविधिक धारतर्फका सामुदायिक विद्यालयहरुलाई विद्यालयको तत्कालीन आवश्यकताको पहिचान गरि आवश्यक सहयोग गरिनेछ।

४४. यस गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरुमा स्थानीय तथा मातृभाषा शिक्षा सञ्चालन गर्नका लागि पाठ्यक्रम तयारको पूर्व तयारी तथा कक्षा सञ्चालन का लागि आवश्यक नीतिगत व्यवस्थाहरु गरी संस्कृतिको संरक्षण र प्रवर्दन गरिने तथा स्थानीय पाठक्रमबाटै जोडदार रुपमा दलित हक अधिकारको संरक्षण गरिनेछ। साथै छुवाछुत मुक्त यस सुनकोशी गाउँपालिकामा अझै धेरै सामाजिक सुधारको लागि स्थानीय पाठक्रमा विषय वस्तु समावेश गरिनेछ।

४५. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ। साथै जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई यस गाउँपालिका अन्तर्गत रहेका माध्यामिक विद्यालयले प्रथम स्थान हासिल गरेमा उक्त विद्यालयलाई सहित सम्मानित गरिनेछ।

४६. विद्यालयमा समायोजन हुन बाँकी यस गाउँपालिकाभित्र सञ्चालित सामुदायिक अध्ययन केन्द्रहरुलाई नजिकैको विद्यालय वा अपग्रेड भएको विद्यालयमा एकीकरण गर्न आवश्यक व्यवस्था मिलाईने छ।

४७. विवाहित महिलालाई कम्तीमा माध्यामिक तहको शिक्षाको पहुँच वृद्धि गर्न बुहारी छात्रा छात्रवृति प्रदान गरिनेछ।

४८. यस गाउँपालिका क्षेत्रमा प्राविधिक विद्यालयको स्थापना तथा प्राविधिक शिक्षाको विस्तारको लागि पहल गरिनेछ। शिक्षा सम्बन्धी आवश्यक कार्याविधि बनाई लागु गरिनेछ।

४९. Zero HOME Delivery नीति लागु गरी सम्पूर्ण प्रसुति स्वास्थ्य संस्था गर्ने कामलाई सुनिश्चित गरिनेछ।

५०. नसर्ने रोग र दीर्गकालिन रोगहरुको पहिचान गरी रोकथाम कार्यक्रम लागु गरिनेछ।

५१. सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवाको मापदण्ड लागु गरिनेछ।

५२. नसर्ने रोग, आँखा, दात, पाठेघर खस्ने, मानसिक रोग जस्ता रोगहरुको Screening गरी उपचार गरी नियमित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

५३. स्वास्थ्य सेवा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने महिला स्वास्थ्य स्वयंसेविकालाई प्रदान गर्दै आएको प्रोत्साहन रकम लाई निरन्तरता प्रदान गरिनेछ।

५४. आयुर्वेद चिकित्सक पद्धतिलाई प्रयोग गर्दै जनतामा स्वास्थ्य सेवा पुराईनेछ।

५५. एक वडा एक स्वास्थ्य संस्थाको नीति अनुसार दश वटा वडाहरुको संस्थाहरुको सेवा प्रवाहमा सुधार गरी गुणस्तरीय सेवा दिईनेछ।

५६. ५ बेडको आधारभूत अस्पताल सञ्चालन गरी उक्त अस्पताललाई सबैखाले सुविधा सम्पन्न बनाउन दुई वटा एम्बुलेन्स सहायता सहित सुलभ र सहज रुपमा नागरिकमा स्वास्थ्य सुविधा पुऱ्याइने छ।

५७. यस गाउँपालिकामा एम्बुलेन्सको व्यवस्थाको लागि सङ्घ, प्रदेश सरकार, दाँतृ निकाय समक्ष माग गरिनेछ।

५८. विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत प्रत्येक महिना सबै विद्यालयहरुमा विद्यार्थीहरुको स्वास्थ्य परिक्षण तथा परामर्श सेवा उपलब्ध गराईनेछ। साथै स्वास्थ्यकर्मीबाट विद्यालयमा शिक्षण गर्न प्रोत्साहन गरिनेछ।

५९. गाउँपालिका सदरमुकाममा रहेको आँखा जाँच इकाईको क्षमता विस्तार गरिनेछ साथै वडा वडासम्म, विद्यालयहरुमा आखा जाँच शिविर सञ्चालन गरिनेछ।

६०. उपाध्यक्षसँग सुत्केरी भेट कार्यक्रम सञ्चालन गरी उक्त कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरनेछ साथै उपाध्यक्षको नेतृत्वमा महिला सचेतना, लैङ्गिक हिंसा निवारण तथा न्यायिक पहुँच सुधारका कार्यक्रम ल्याइने छ।

६१. महिलाहरुको स्तन क्यान्सर/पाठेघरको क्यान्सर/आङ खस्ने समस्या समाधानका लागि यस वर्षझै थप आवश्यक पहल गरिनेछ। साथै हामी बनाउँछौ अवश्यः बालकको सुन्दर भविश्य कार्यक्रम मार्फत विगतको जन्म संस्कार कार्यक्रम लाई निरन्तरता दिइने छ।

६२. यस गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक सुधारको लागि थप कार्यक्रमहरु सञ्चालन गरिनेछ। एक विद्यालय एक नर्स व्यवस्थाको लागि पहल गरिनेछ। विद्यालयहरुमा सामुदायिक प्रहरी साझेदारी लगायत खेलकूदको तालिम सञ्चालन गराउन प्रोत्साहित गरिनेछ।

६३. मातृशिशु स्याहार अन्तर्गत सुत्केरी भेट कार्यक्रमलाई निरन्तरता दिइने छ। त्यसका लागि सुनकोशी गाउँपालिका भित्र रहेका बर्थिङ सेन्टर वा स्वास्थ्य संस्थामा नियमित गर्भ परिक्षण गराई सुत्केरी हुने आमा तथा शिशु स्याहारको लागि **"स्वास्थ्यका लागि पोषण कार्यक्रम"** सञ्चालन गरिनेछ।

खानेपानी तथा सरसफाई

६४. गाउँपालिकामा खानेपानी, सरसपाई तथा स्वच्छता योजना बनाई सबै नागरिकलाई स्वच्च खानेपानी पुर्याउनेछ।

६५. एक घर एक धारा कार्यक्रम लागु गरी सबै नागरिकलाई खानेपानीको पहुँच पुऱ्याइनेछ।

६६. "जनता खानेपानी कार्यक्रम" सञ्चालन गरी खानेपानीको पहुँच नपुगेका घर तथा वस्तीहरुमा एकघर एक धारो कार्यक्रम सञ्चालन गरी सबै नागरिकलाई स्वच्छ पिउने पानीको प्रवन्ध गरिनेछ।

६७. सुनकोशी गाउँपालिका वडा नं. २ मा ५७ घरधुरीहरुलाई एक घर एक धाराको काम सम्पन्न भइसकेको छ। आगामी आ.व. मा अन्य घरहरुमा एक घर एक धारा खानेपानीको व्यवस्था गरिनेछ।

युवा तथा खेलकुद

६८. गाउँपालिकास्तरीय खेल मैदान निर्माण गरिनेछ। गाउँपालिकाको सबै वडामा खेलमैदान स्थापना गर्न पहल गरिनेछ। साथै हरेक वडामा एक वडा कभर्ड हल निर्माण गरिनेछ।

६९. विद्यालयसँग सम्बन्धित रहेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई व्यवस्थित गरिनेछ।

७०. सबै माध्यमिक विद्यालयहरुमा खेलमैदान बनाउने पहल गरिनेछ।

७१. राष्ट्रियस्तर र अन्तर्राष्ट्रिय पदक तथा उपाधि हासिल गर्ने खेलाडीहरुलाई सम्मान गरिनेछ।

७२. स्थानीय तहमा नै युवाहरुलाई रोजगारी प्रदान गर्ने उद्देश्यले विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहकार्यमा लघु उद्यम विकास कार्यक्रम मार्फत थप उद्यमीहरुको उत्पादनमा जोड दिइने छ। उद्यमशिलता विकास कार्यक्रम तथा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत गाउँपालिका भित्रका बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउन "विदेश नजाउ घरमै रमाउ" कार्यक्रमलाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

७३. **गाउँपालिकास्तरिय पालिका कप खेलकूद** कार्यक्रम लाई बृहत र बहुपक्षीय रुपमा सञ्चालन गरिनेछ।

७४. स्थानीय स्रोत र साधनको पहिचान तथा संरक्षण गरिनेछ। उक्त स्रोतको परिचालनबाट स्थानीय जनताको आर्थिक वृद्धि तथा विकास गराउने उद्यमशिलताका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७५. सुनकोशी गाउँपालिका भित्र रहेका युवा युवतीहरुलाई देशको शासन व्यवस्थाप्रति जागरुक आवश्यक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

७६. सुनकोशी गाउँपालिका भित्रका वेरोजगार युवा, युवती तथा महिला, पुरुषहरुलाई स्वरोजगार बनाउने उदेश्यले विभिन्न सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

७७. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई लक्षित गरी युवा रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

भाषा तथा संस्कृति

७८. गाउँपालिकामा रहेका सबै जातजातिको संस्कृति जोगाउने, भाषा संरक्षण गर्ने कार्य गरिनेछ। भाषा, भेषभुषाको अध्ययन गरी संरक्षण गर्न आवश्यक पर्ने भाषा संस्कृतिको जगेर्नामा पहल गरिनेछ।

७९. मन्दिर, चर्च, गुम्बा लगायत धार्मिक तथा सांस्कृतिक सम्पदामा संरक्षण र सम्वर्द्धन गरिनेछ।

८०. स्थानीय लोकबाजा संरक्षण तथा सम्बर्धन सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालनमा जोड दिईने छ।

८१. गाउँपालिका क्षेत्रभित्र रहेका सम्भावित धार्मिक तथा पर्यटकीय क्षेहरुको पहिचान गरी पर्यटकीय क्षेत्रका रुपमा विकास गर्नका लागि पर्यटन पूर्वाधार गुरुयोजना निर्माण गरिनेछ।

८२. सुनकोशी गाउँपालिका वडा नं. ५ मा भएको अन्तर्राष्ट्रिय रूपमा चर्चित कलात्मक बुद्धको मुर्तिलाई सुनकोशीको गौरवशाली धार्मिक स्थल बनाइनेछ।

८३. नागीडाँडा बुद्ध प्रतिमा र ककनी तीनछाँगे झरनालाई सङ्घ, प्रदेश र अन्य विकास साझेदार निकायसँग समन्वय गरी राष्ट्रियस्तरको पर्यटकीय स्थल निर्माण गर्न आवश्यक पहल गरिनेछ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

८४. स्थानीय बालमैत्री शासन कार्यक्रम लागु गरि बालमैत्री गाउँपालिका बनाउन पहल गरिनेछ।

८५. लैङ्गिक हिंसा तथा घरेलु हिंसाको न्यूनिकरण तथा महिला लक्षित कार्यक्रमहरु महिला विकास शाखा र गाँउपालिकास्तरीय आमा समूह सञ्जाल मार्फत विभिन्न सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८६. जनसहभागितापूर्ण तथा विकेन्द्रित विकासमा जोड दिइने छ। दलित जनजाति लगायत विभिन्न लक्षित कार्यक्रहरु सञ्चालन गरिनेछ।

८७. प्रत्येक वडाबाट एक/एक जना सबै भन्दा वृद्ध महिला, पुरुष, दलित, जनजाति तथा अपाङ्गलाई नगद सहित सम्मानित गरिनेछ।

८८. विपन्न, महिला दलितहरुलाई जीविकोपार्जनमा सहजता लाउने उद्देश्यले घरेलु तथा साना उद्योगहरु प्रत्येक वडाहरुमा साना उद्योग सञ्चालन गरिनेछ।

८९. यस जिल्लाका घरेलु हिंसा महिलाहरुको न्यायमा थप पहुँच अभिवृद्धिका लागि जिल्ला

SAVE HOUSE सँग सहकार्य गरी अगाडी बढाईनेछ।

९०. सुनकोशी गाउँपालिका खस आर्य, जनजाती, महिला, दलित, पिछडिएका वर्गहरुको प्रतिभा तथा क्षमताको मूल्याङ्कन गरी कार्यक्रम अगाडि बढाईनेछ।

९१. बालबालिका तथा अपाङ्गमैत्री क्षमता अभिवृद्धि तथा सहभागिता मुलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै बालबालिका तथा अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा जोड दिईनेछ।

९२. करुणा फाउन्डेसनसँग सहकार्य कार्यक्रम सञ्चालन गरी अपाङ्ग तथा फरक क्षमता भएका बर्गको संरक्षण र उत्थान कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

९३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यतालाई ध्यानमा राख्दै लैङ्गिक उत्तरदायी बजेट लगायत अन्य समावेशीकरणका क्षेत्रमा आवश्यक निर्देशिका तयार गरिनेछ।

गाउँ सभा सदस्यज्यूहरु,

अब म सुनकोशी गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमको पूर्वाधार विकास क्षेत्रको विषय क्षेत्रगत रुपमा प्रस्तुत गर्दछु।

पूर्वाधार विकास क्षेत्र

सडक तथा पुल

९४. गाउँपालिकाको सडक गुरुयोजना तयार गरी गाउँपालिकाभित्र सडकहरुलाई स्तरोन्नति गरिनेछ।

९५. गाउँपालिकाभित्रका सडकहरुलाई वर्गीकरण गरी पालिकास्तरीय सडकलाई सधै चल्ने सडकको रुपमा सुधार गरिनेछ।

९६. सडकको मापदण्ड तोकी Right of Way लागु गरिनेछ। नयाँ सडकको ट्रयाक खोल्ने कामलाई निरुत्साहित गरी आवश्यक पर्ने स्थानमा मात्र ट्रयाक खोल्ने र भएका सडकहरुलाई स्तरोन्नति गरिनेछ।

९७. सुनकोशी १ र २ को सेन्टरमा सुनकोशी नदीमा पछि पुल निर्माणको लागि सङ्घीय

सरकार र प्रदेश सरकारसँग पहल गरिनेछ।

९८. सुनकोशी २ ढ्याङ्ग्रे भिर मोटरबाटो निर्माणका लागि आवश्यक बजेट व्यवस्था भइसकेको हुँदा आगामी आर्थिक वर्षमा उक्त आयोजना सञ्चालन तथा कार्यान्वयन गरिनेछ।

९९. कोशी प्रदेश सरकार समपूरक साझेदारी मार्फत सुनकोशी-१, थुल्मेदेखि गाउँपालिका सदरमुकाम जोडने सडक स्तरोन्नती गरिनेछ।

१००. सुनकोशी गाउँपालिका भरीका सडकहरु स्तरोन्नतीको लागि पहल गरिनेछ।

१०१. जिल्ला सदरमुकामदेखि सुनकोशी गाउँपालिका सदरमुकामसम्मको सडक कालोपत्रे गर्न प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक पहल गरिनेछ। गाउँपालिकाको क्षेत्र भित्र निर्माण भएका कच्ची सडकमा चोकर विछ्याई सडकको लेवल मिलाउनुका साथै नालीको व्यवस्था गरिनेछ र बाह्रै महिना सडक सञ्चालनमा ल्याइनेछ।

१०२. सिन्धुली जिल्ला खाडसाङ्देखि सुनकोशी-०२ जोडने मोटरेबल पक्की पुल यथाशिघ्र निर्माणको लागि आवश्यक पहल गरिनेछ।

भवन, आवास तथा शहरी विकास

१०३. गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन आफ्नै निर्माण गर्ने र सेवा प्रवाह गरिनेछ।

१०४. सामुदायिक विद्यालयहरुको भवन निर्माणमा प्राथमिकता दिईनेछ। साथै प्रत्येक वडाहरुमा एक वडा सामुदायिक भवन र गाउँपालिकामा एक गाउँपालिकका सामुदायिक भवन निर्माणको योजना बनाईनेछ।

१०५. मुलखर्क, गाउँपालिका केन्द्र, फलाटेभञ्ज्याङ शहरी विकास र ठूलीपोखरी, च्यानाम शहरी विकास गरी शहरीकरण गरिनेछ।

१०६. गरिब, विपन्न र घरविहिन नागरिकलाई आवास निर्माण गरी सुरक्षित आवासको व्यवस्था गरिनेछ।

१०७. गाउँपालिकाभित्रको घर, भवनहरुको अभिलेखिकरण गर्ने, नक्सा पास लागु गर्ने र अनुमति लिई मात्र घर भवन बनाउने पाउने नीति लागु गरिनेछ।

१०८. सुनकोशी गाँउपालिकाको भुगोल र सम्भाव्यता अध्ययन गरी २० देखि २५ वर्षसम्मको बस्ती विकास गुरुयोजना तयार बनाईनेछ।

ऊर्जा

१०९. उज्यालो सुनकोशी अभियान अन्तर्गत सुनकोशी गाउँपालिका सबै जनताहरुमा विद्युतको दिगो पहुँच पुर्याइने छ।

११०. वैकल्पिक उर्जाको विकास तथा लिफ्टीङ् प्रणालीबाट खानेपानीको लागि विभिन्न सङ्घ संस्था तथा निकायहरुसँग आवश्यक समन्वय गरिनेछ।

१११. नवीकरणीय उर्जामा आधारित उद्यमहरु सञ्चालन गर्नका लागि व्यावसायिक सम्भाव्यता अध्ययन गरिनेछ।

११२. गाउँ बस्ती, सडक पेटी तथा अन्य सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरुमा सडक वत्ती प्रयोग गरिनेछ।

११३. सुधारिएको चुलो, वायो ग्यास तथा विद्युतीय चुलो प्रयोगलाई प्राथमिकाता दिई खाना पकाउनको लागि दाउराको प्रयोगको अभ्यासलाई न्यूनिकरण गरिने र धुवा मुक्त भान्साको प्रयोगबाट धुवाजन्य रोग न्यूनिकरण गरिनेछ।

गाउँ सभा सदस्यज्यूहरु,

अब म सुनकोशी गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमको वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको विषय क्षेत्रगत रुपमा प्रस्तुत गर्दछु।

वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

११४. गाउँपालिकाभित्र रहेका सबै निजी, कबुलियति र सामुदायिक वनहरुको अभिलेख राखि वन व्यवस्थापन कार्य सुरु गरिनेछ।

११५. सामुदायिक वन उपभोक्ता समितिको सहकार्यमा वन पैदावरको निकासी गरी समिति र गाउँपलिकाको राजस्व आम्दानीमा वृद्धि गरिनेछ।

११६. गाउँपालिका खेतियोग्य जमिन संरक्षणको लागि सुनकोशी नदीमा तटबन्ध निर्माणका लागि केन्द्र सरकार र प्रदेश सरकारसँग पहल गरिनेछ।

११७. **'हाम्रो जँगल हाम्रो धन : फल फूल खेती प्रवर्द्धन'** कार्यक्रम सञ्चालन गरी वन्यजन्तुको संरक्षण तथा वनजङ्गलको महत्व बढाउन वनजङ्गलमा फलफूलका विरुवा रोपिने छ। नाङ्गो पाखा तथा भिरहरुमा वृक्षरोपण कार्यलाई प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

११८. गाउँपालिकाले जलवायु अनुकुलन कार्ययोजना तयार गरी कार्य योजना लागु गरिनेछ।

११९. विकास निर्माणको कार्य गर्दा वातावरण प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरण परीक्षण, संक्षिप्त वातावरण अध्ययन लागु गरिनेछ।

१२०. वातावरण प्रभावबाट पर्ने असरलाई न्यूनीकरण गर्नका लागि आवश्यक कार्यहरु गरिनेछ।

१२१. यस गाउँपालिका भित्रका नदी तथा अन्य सार्वजनिक स्थानको लगत सङ्कलन गरी अभिलेख अध्यावधिक गर्नुका साथै सरकारी अमिनद्धारा जग्गा छुटाएर सार्वजनिक हितमा उपयोग गरिने नीति लिइनेछ। साथै भु-उपयोग योजना तथा जग्गा वर्गीकरण कार्य सम्पन्न गरिनेछ।

१२२. जलवायु परिवर्तनको आम जनमानसमा परेको तथा पर्न सकने असर कम गर्न जलवायू परिवर्तन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१२३. वातावरणमैत्री विकास पद्धतीलाई विकासको संरचना निर्माणको क्रममा प्राथमिकताका साथ ध्यान दिई विकास कार्यबाट वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने उपायहरुलाई अवलम्बन गरिनेछ।

१२४. सुनकोशी गाउँपालिका सदमुकाममा फोहोरमैला व्यवस्थापनको लागि एक आधुनिक Land Field Site को निर्माण गरिनेछ।

१२५. विपद् व्यवस्थापनको लागि विपद व्यवस्थापन कोष सञ्चालन र विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई लागु गरिनेछ।

१२६. जोखिमयुक्त ठाउँको पहिचान गर्ने, व्यवस्थित बस्ति निर्माण गर्ने विपद् प्रभावितलाई राहत तथा सहयोग व्यवस्था गरिनेछ।

गाउँ सभा सदस्यज्यूहरु,

अब म सुनकोशी गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमको सार्वजनिक सेवा तथा संस्थागत विकास क्षेत्रको विषय क्षेत्रगत रुपमा प्रस्तुत गर्दछु।

सार्वजनिक सेवा तथा संस्थागत विकास क्षेत्र

१२७. प्रभावकारी सार्वजनिक सेवा प्रवाहको लागि जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास गर्न तालिमा, सेमिनार, गोष्ठी र भ्रमणको व्यवस्था मिलाईनेछ। कर्मचारीहरुको दरबन्दी बमोजिम नियमित पदपूर्ति गरी सेवा प्रवाह गरिनेछ।

१२८. सामाजिक सञ्जाल फेसबुक, मेसेन्जर, भाईबर, ह्वटसप, टिकटक, ईमेल, वेबसाइटबाट सेवा दिने माध्यम बनाई र विभिन्न सुचना प्रविधि प्रणाली मार्फत सेवा प्रवाह गरी विद्युतीय शासन गरिनेछ।

१२९. गाउँपालिकाको अधिकारक्षेत्र रहेको विषयहरुमा कानून, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाई लागु गरिनेछ।

१३०. गाउँपालिकाको आन्तरिक स्रोत बढाउन राजस्व स्रोत पहिचान गरी सङ्कलन गर्ने, दायरा बढाउने र चुहावट कम गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

१३१. संस्थागत विकासको लागि गाउँपालिकाको सूचना, तथ्याङ्क र अभिलेख व्यवस्थापनलाई उच्च प्राथमिकता दिईनेछ। यसको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

१३२. आर्थिक सुशासन, बेरुजु फछ्यौंट र पारदर्शिता, मितव्ययितालाई मध्यनजर गरी खर्च लेखाङ्कन प्रणाली लागु गरिनेछ।

१३३. उजुरी, गुनासो र विवादलाई उच्च प्राथमिकतामा राखी उजुरी र गुनासोको जवाफ र समाधान गर्ने र विवादका विषयहरुलाई न्यायिक समितिमार्फत ढिलोमा तिन महिनाभित्र मिलापत्र वा समाधान गरिनेछ।

१३४. योजना सञ्चालन लाई प्रभावकारी नागरिक मैत्री तथा सुशासन मैत्री र प्रभावकारी बनाउँनको लागि एक योजना बुक (बुकलेट) थप सुधार गरी सबै प्रकारका कागजपत्रहरु एकै ठाउँमा हुने व्यवस्थालाई अझ मजबुत बनाई नागरिकमा कागजी झनझटको समस्या समाधान गरिनेछ।

१३५. कर्मचारीवाट नतिजामूखी कार्यसम्पादनको लागि विषयगत शाखा र कर्मचारीहरुको मासिक रुपमा कार्ययोजना तर्जुमा र प्रगति समिक्षा गरिनेछ। साथै जनमैत्री सेवा प्रवाहका लागि कर्मचारीको क्षमता विकास गरिने कार्यलाइ निरन्तरता दिइएको छ।

१३६. गाउँपालिका र सबै वडा कार्यालयहरुमा दक्ष कर्मचारीसहित सूचना प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिने छ।

१३७. यस गाउँपालिकाका गतिविधिहरुलाई नियमित रुपमा नागरिक समक्ष सार्वजानिक गर्ने उद्धेश्यले स्थानीय सञ्चार माध्यमहरुको प्रयोग गरी "सुनकोशी सरकार "कार्यक्रम सञ्चालन गरिनेछ।

१३८. सेवा प्रवाह तथा विकास निर्माणका कार्य सञ्चालनमा सुशासन, पारदर्शिता तथा जवाफदेहिताको मान्यतालाई अवलम्बन गरिनेछ।

१३९. यस कार्यालय तथा मातहतका कार्यालयहरुवाट प्रदान गर्ने सेवालाई कम्प्युटरकृत, पारर्दर्शी, नागरिक मैत्री बनाइने छ।

१४०. यस गाउँपालिकाभित्र सञ्चालन भएका विभिन्न योजनाहरुमा बाँकी रहेको पेश्की बेरुजु तथा अन्य बेरुजु फछ्यौट लागि आवश्यक पहल गरिनेछ। साथै, शून्य बेरुजु कायम गर्न पहल गरिनेछ।

१४१. वृहत आयोजना बैङ्क सहितको एक आवधिक योजना प्रयोगमा ल्याइने छ साथै मध्यकालिन खर्च संरचनाको माध्यमवाट आवधिक योजना र बजेटबिच आवश्यक तालमेल मिलाइने छ।

१४२. सुशासन र सदाचार गाँउपालिका समृद्धिको आधार भने मूल नारा सहित उक्त कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि नागरिकसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ।

१४३. **"वृद्ध भत्ता सँगैः जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम"** सञ्चालन गरी सङ्घीय सरकारमार्फत हाल वितरण भएको सामाजिक सुरक्षा भत्ताको रकममा वितरणमा सहजिकरण गरिनेछ। साथै सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत नजिकको टोलबस्तीबाटै वितरण गर्ने तथा जेष्ठ नागरिकको तीन-तीन महिनामा वृद्ध भत्ता वितरणको समयमा स्थानीय स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाईने छ।

यस कार्यक्रममा सहभागी भई सुनकोशी गाउँपालिकालाई समृद्ध बनाउने अभियानमा प्रेरणा र उत्साह प्रदान गर्नुहुने सम्पूर्ण गाउँपालिकावासी बुवा-आमा, दाजुभाइ तथा दिदीबहिनीहरू, गाउँपालिका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीहरू, प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने राजनीतिक दल, सञ्चारकर्मी, सुरक्षाकर्मी, समाजसेवी, नागरिक समाज तथा सम्पूर्ण महानुभावहरूप्रति सुनकोशी गाउँपालिकाको तर्फबाट हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु।

अन्त्यमा, नेपालको संविधानले आत्मसात गरेका मूल्य, मान्यता तथा परिकल्पनाहरू, योजना तथा विकास प्रक्रियामा निर्धारण गरिएका राष्ट्रिय, प्रादेशिक तथा स्थानीय लक्ष्यहरू, साथै पालिकावासीबाट अभिव्यक्त अपेक्षा, भावना र शान्ति, सुशासन तथा विकाससम्बन्धी चाहनाहरूलाई यस नीति तथा कार्यक्रममा समेट्ने प्रयास गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रम निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने विभिन्न राजनीतिक दल, सङ्घ संस्था, विषय विज्ञ, नागरिक समाज, सञ्चारकर्मी, कर्मचारी तथा सुझाव प्रदान गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै यसको सफल कार्यान्वयनमा समेत निरन्तर सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु। साथै, गाउँपालिकाको भावी दिशा निर्धारण नीति तथा कार्यक्रम निर्माण प्रक्रियामा सुरुदेखि नै सक्रिय सहभागिता जनाई महत्वपूर्ण सुझाव र सहयोग पुऱ्याउनुहुने सम्पूर्ण गाउँ सभा सदस्यज्यूहरूप्रति गाउँपालिका प्रमुखको तर्फबाट हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्दछु।

धन्यवाद।

मिति २०८३ असार १०

कमल तामाङ
अध्यक्ष

वार्षिक बजेट तथा कार्यक्रम

गाउँसभाका श्रद्धेय अध्यक्षज्यू,
प्रमुख प्रशासकीय अधिकृत तथा सभाका सचिवज्यू,
गाउँ सभाका सदस्यज्यूहरु,

नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम आयोजित गाउँसभाको यस गरिमामय अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत व्यक्त गर्दछु। यस अवसरमा नेपालको लोकतन्त्र, सार्वभौमसत्ता, राष्ट्रियता तथा समतामूलक समाज निर्माणका लागि जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै लोकतान्त्रिक आन्दोलन तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा योगदान पुऱ्याउनुहुने सम्पूर्ण व्यक्तित्वहरूप्रति सम्मान व्यक्त गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय शासन प्रणालीको मर्मअनुरूप स्थानीय आवश्यकता, जनचाहना तथा **"संस्कृति, पर्यटन, कृषि र पूर्वाधार : समावेशी सुनकोशी समृद्धिको आधार"** भन्ने लक्ष्यलाई आत्मसात् गर्दै आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु। यस बजेट तर्जुमाका क्रममा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, सङ्घीय तथा प्रदेश सरकारका नीति, आवधिक योजना, दिगो विकास लक्ष्य, विषयगत समितिहरू तथा सरोकारवालाहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनका रूपमा लिइएको छ।

सीमित स्रोत-साधनको अधिकतम उपयोग गर्दै प्रस्तुत बजेटले सुशासन, पूर्वाधार विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना, उद्यमशीलता विकास, महिला सशक्तीकरण, सेवा प्रवाहमा प्रविधिको प्रयोग तथा जलवायु अनुकूल विकासलाई प्राथमिकतामा राखेको छ।

यस बजेटको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य तथा समग्र विकासमा सकारात्मक परिवर्तन आउने विश्वास लिएको छु।

गाउँसभाका अध्यक्ष्यज्यू

अब म बजेट निर्माणका कानूनी आधारहरु प्रष्ट पार्न चाहन्छु ।

१. नेपालको संविधानको धारा २२९ मा गाउँपालिकाको सञ्चित कोष सम्बन्धी व्यवस्था तथा धारा २३० मा राजस्व र व्ययको अनुमान गाउँसभामा पेश गर्ने संवैधानिक व्यवस्था रहेको छ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ मा गाउँपालिकामा योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी प्रावधान गरेको छ ।

गाउँसभाका अध्यक्ष्यज्यू

अब म आर्थिक वर्ष २०८३-०८४ को बजेटको उद्देश्यहरु निम्नानुसार रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

१. स्थानीय आवश्यकता तथा जनचाहना अनुरूप समतामूलक, समावेशी र दिगो विकासलाई प्रवर्द्धन गर्दै समृद्ध गाउँपालिका निर्माण गर्नु।

२. कृषि, पशुपालन, उद्योग, व्यापार तथा पर्यटन क्षेत्रको विकासमार्फत उत्पादन, रोजगारी तथा आयआर्जन वृद्धि गर्नु।

३. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा सामाजिक सेवाको गुणस्तर अभिवृद्धि गरी नागरिकको जीवनस्तर सुधार गर्नु।

४. सडक, पुल, सिँचाइ, भवन तथा अन्य पूर्वाधारको विकास र विस्तारमार्फत सहज तथा गुणस्तरीय सेवा पहुँच सुनिश्चित गर्नु।

५. सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा सूचना प्रविधिमैत्री सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।

गाउँसभाका अध्यक्ष्यज्यू,

अब म आ.व. २०८३/८४ को विभिन्न क्षेत्रगत शीर्षक अनुसारको बजेट प्रस्तुत गर्न चाहन्छु।

कृषि तथा पशुपन्छी

१. सुनकोशी गाउँपालिकाको भुगोलको अवस्था, हावापानी, जलवायु, जैविक विविधतालाई मध्यनजर गरी गाउँपालिकाको विकास गर्दै राज्यको विकासमा योगदान पुऱ्याउन कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक र उत्पादनमुखी बनाउन आवश्यक पर्ने बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु।

२. कृषि क्षेत्रको विकासको लागि सङ्घ, प्रदेश र गाउँपालिकाको साझेदारी तथा अनुदानको रुपमा गाउँपालिकामा चिस्यान केन्द्र स्थापनाको लागि ६० लाख विनियोजन गरेको छु

३. पशु विकासको लागि डेरी उत्पादन गरी दुग्ध क्षेत्रमा आत्मनिर्भरताको लागि भैंसी पालन कार्य प्रवर्द्धनको लागि ६ लाख विनियोजन गरेको छु।

४. सुनकोशी गाउँपालिकाको हावापानी, भूगोलको सुहाउँदो अवस्था हेरी कोशी प्रदेश अनुदान अन्तर्गत सुनकोशी गाउँपालिका वडा नं. २ मा एभोकाडो खेती प्रवर्द्धनको लागि १० लाख, सुनकोशी गाउँपालिका वडा नं. ९ मा वृहत चिया तथा कफी खेती प्रवर्द्धनको लागि ५ लाख र मौरी पालन कार्यक्रमको लागि ५ लाख गरी प्रदेश अनुदानमा रु. २० लाख रकम विनियोजन गरेको छु।

५. नगदेबालीको प्रवर्द्धन गर्न र किसानको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रमको रुपमा कफि विकास पकेटको लागि रु. १२ लाख बजेट व्यवस्था गरेको छु।

उद्योग, व्यापार, व्यवसाय तथा पर्यटन प्रवर्द्धन

६. गाउँपालिकामा उद्यमी, व्यवसायी बनाउन संघीय सरकारको अनुदानबाट प्राप्त रु. ७ लाख र गाउँपालिकाको स्रोतबाट रु. ५ लाख गरी जम्मा रु. १२ लाख उद्योग क्षेत्रमा रकम विनियोजन गरेकोछु। गाउँपालिका भित्र सञ्चालन भएका उद्योग, व्यापार व्यवसायहरुलाई गाउँपालिकाको दायरामा ल्याई नियमन तथा प्रवर्द्धन गर्ने व्यवस्था मिलाएको छु।

७. पर्यटन क्षेत्रको पहिचान गरी सो क्षेत्रको प्रवर्द्धन गर्दै गाउँपालिकाको विकासमा सहयोग पुऱ्याउने गरी साधडाँडा यलम्बर पार्क, सुनकोशी -३ को लागि रु. १० लाख, **चञ्चलादेवी मन्दिर व्यवस्थापन**को लागि पालिकातर्फबाट रु. ३० लाख तथा प्रदेशतर्फबाट रु. १३ लाख गरी जम्मा रु. ४३ लाख विनियोजन गरेको छु।

८. गाउँपालिकामा रोजगार प्रवर्धनको लागि राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमसँग साझेदारी गरी योजना सञ्चालन गर्नको लागि रु. ५० लाख विनियोजन गरेको छु।

९. गाउँपालिकाको पर्यटन क्षेत्रलाई प्रवर्द्धन र विकासको लागि आन्तरिक स्रोत न्यून रहेको अवस्थामा महत्वपूर्ण पर्यटन क्षेत्र नागीडाँडा बुद्ध मुर्ति, तीनछाागे झरना, काली गुफालाई व्यवस्थापन गर्न सङ्घ र प्रदेशमा बजेट व्यवस्थापनको लागि आवश्यक पहल गर्न प्रतिवद्धता गरेको छु

जलस्रोत तथा सिँचाई

१०. गाउँपालिका भित्र रहेका जलस्रोतका स्रोतहरुको उच्चतम प्रयोग गर्ने गरी कृषि क्षेत्रको विकासको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

गाउँसभाका अध्यक्ष्यज्यू,

शिक्षा

११. सुनकोशी गाउँपालिकामा रहेको विद्यालयहरु सञ्चालन तथा व्यवस्थापनको लागि संघीय सशर्त अनुदानमा रु. १५ करोड ८५ लाख विनियोजन गरेको छु।

१२. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुलाई स्थानीय स्रोत साधन, भूगोल, रीति रिवाज, चालचलन, जातजाती, धर्म संस्कार लगायतका विषयमा जानकारी गराई राष्ट्र निर्माणमा सहयोग पुऱ्याउनको लागि स्थानीय पाठ्यक्रम निर्माणको लागि रु. १० लाख विनियोजन गरेको छु।

१३. गाउँपालिकको शैक्षिक गुणस्तर वृद्धि गर्ने उद्देश्यको लागि आधारभूत तह परीक्षा (कक्षा -८) सञ्चालन तथा व्यवस्थापनको लागि रु. ५ लाख, विद्यालयस्तरीय वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापनको लागि रु. ५ लाख, शैक्षिक पात्रो निर्माणको लागि रु. २ लाख, गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलापको लागि रु. २ लाख, SEE र BLE लगायत क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गर्ने व्यक्तिलाई सम्मान कार्यक्रमको लागि रु. ५ लाख गरी जम्मा रु. १९ लाख विनियोजन गरेको छु।

स्वास्थ्य

१४. सुनकोशी गाउँपालिकामा रहेको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन र जनस्वास्थ्य कार्यक्रमको लागि लागि संघीय सशर्त अनुदानमा रु. ४ करोड १९ लाख विनियोजन गरेको छु।

१५. गाउँपालिकाका नागरिकको स्वास्थ्य उपचार र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्री खरिदको लागि रु. ५० लाख विनियोजन गरेको छु।

१६. स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई सेवामा प्रोत्साहन गर्न र उनीहरुको कामको सम्मान गर्नको लागि रु. २० लाख विनियोजन गरेको छु।

खानेपानी तथा सरसफाई

१७. सुनकोशी गाउँपालिकाको नागरिकलाई स्वच्छ खानेपानी परिपूर्ति गर्ने उद्देश्यले खानेपानी आयोजनाहरु सञ्चालन गरी **एक घर एक धारा खानेपानी** नीति बमोजिम आवश्यक बजेट व्यवस्था गरेको छु।

१८. नागरिकलाई स्वच्छ खानेपानीको पहुँचको लागि **भिरगाउँ खानेपानी मर्मत सम्भार योजना** कार्यान्वयनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

१९. संघीय सरकार र गाउँपालिकाको समपूरक अनुदानमा साझेदारी हुने गरी **'ठाडोबारी गुण्डाबारी ककनी हुँदै मुलखर्क खानेपानी'** योजनाको लागि रु. १ करोड ५२ लाख विनियोजन गरेको छु।

२०. संघीय विशेष कार्यक्रम अन्तर्गत गाउँपालिकाबाट कार्यान्वयन हुने दारघारी मुहान-वडा नं. ३ र ४ खानेपानी आयोजनाका लागि रु. ६८ लाख बजेट विनियोजन गरेको छु।

२१. नागरिकका माग र आवश्यकता हेरी खानेपानीको आवश्यकता परिपूर्ति गर्न **चाहाले खानेपानी योजना, कहरे खानेपानी योजना,** ककनी, **चित्रे तगारी खोला मुहान गरी चित्रे खानेपानी योजना,** डाँडागाउँ खानेपानी योजना, सुनकोशी-३, छाँगे खोला मुहान गरी ओख्ले चौर खानेपानी, थाँपागाउँ नौलागाउँ लिफ्टिङ खानेपानी योजना, ओखे टाउके खानेपानी योजनाको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

युवा तथा खेलकुद

२२. खेलकुद क्षेत्रको विकास गरी राष्ट्र निर्माण गर्ने उद्देश्य सहित युवा परिचालन गर्न **सुनकोशी गाउँपालिका कप** आयोजनाको लागि रु. १५ लाख विनियोजन गरेको छु।

२३. विद्यार्थीलाई खेलकुद क्षेत्रमा उत्प्रेरित गर्न र भविष्यमा राष्ट्रको लागि खेल मार्फत योगदान पुऱ्याउन राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको लागि रु. ३१ लाख रकम विनियोजन गरेको छु।

भाषा तथा संस्कृति

२४. स्थानीय भाषा, कला, साहित्य, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै मौलिक पहिचान जगेर्ना गर्न आवश्यक कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

२५. स्थानीय भाषा, कला, साहित्य तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले आदिवासी जनजातिको भाषा तथा संस्कृति उत्थान कार्यक्रमका लागि रु. ५ लाख तथा विभिन्न जातजातिका मौलिक पर्व, परम्परा तथा संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि रु. ५ लाख र महान अनुग्रह चर्च व्यवस्थापनको लागि रु. ४ लाख विनियोजन गरेको छु।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

२६. महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदायको सशक्तीकरण, समान अवसर सुनिश्चितता र सामाजिक न्याय कायम गर्न आवश्यक कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरेको छु।

२७. सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी तथा सहज बनाउनको लागि प्रत्येक त्रैमासिकमा सबै वडाहरुमा भत्ता शिविर कार्यक्रम सञ्चालन गरी लाभग्राहीहरुलाई सुलभ र सहज सेवाको लागि रु. ७ लाख बजेट व्यवस्था गरेको छु।

२८. सबैको सम्मानको लागि मर्यादित जीवन सुनिश्चितता गर्ने उद्देश्य सहित सुनकोशी गाउँपालिका र कोशी प्रदेश सरकारको साझेदारी कार्यक्रम **'अपाङ्गता रोकथाम तथा**

पुनर्स्थापना' कार्यक्रमको लागि रु. १५ लाख विनियोजन गरेको छु।

२९. महिला सशक्तीकरण, क्षमता विकास तथा सामाजिक सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय नारी दिवस, लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान, महिला सशक्तीकरण तथा क्षमता विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

गाउँसभाका अध्यक्ष्यज्यू,

सडक तथा पुल

३०. गाउँपालिकाभित्रका सडक सञ्जाललाई व्यवस्थित तथा स्तरोन्नति गर्दै यातायात पहुँच विस्तार गर्ने उद्देश्यले **मुलखर्क-पारा-मोलुङ दोभान सडक**का लागि रु. ३० लाख, सिस्नेरी भञ्ज्याङ देखि पञ्चकन्या हुँदै मोलुङ एक्वायर जोड्ने सडक स्तरोन्नतिको लागि रु. १० लाख तथा **आम्बोटे मगरगाउँ जोड्ने सडक**का लागि रु. १० लाख विनियोजन गरेको छु।

३१. स्थानीय पूर्वाधारको सुदृढीकरण तथा सडक पहुँच सुधार गर्ने उद्देश्यले **वडा कार्यालयदेखि प्रबुद्ध मा.वि. गेटसम्म सडक ढलान**का लागि रु. २० लाख तथा **भूतखोला-बान्द्रे जोड्ने सडक निर्माण**का लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु।

३२. सुनकोशी गाउँपालिकाको गाउँपालिका केन्द्रलाई बस्ती विकास तथा शहरीकरण गर्ने उद्देश्यको लागि ढल व्यवस्थापन, सडक ढलान र स्तरोन्नती गर्न **मुलखर्क बजार-गाउँपालिका केन्द्र-फलाटे बाजर सडक योजना** शिर्षकमा रु. २ करोड बजेट व्यवस्था गरेको छु।

३३. गाउँपालिकाको केन्द्रदेखि चार वटा वडाहरु १, २, ३ र ४ को वडा कार्यालय जोड्ने र राष्ट्रिय राजमार्गसँग पहुँच पुऱ्याई नागरिकको आवतजावतलाई सुरक्षित, सहज पहुँच विस्तार गर्ने उद्देश्यका साथ स्थानीय गौरवका आयोजनाका रूपमा प्रदेश तथा गाउँपालिकाको साझेदारीमा **थुल्मे-सिस्नेरी-फलाटे-मुलखर्क ग्रामीण सडक योजना**का लागि प्रदेश समपूरक कार्यक्रममार्फत रु. १ करोड तथा गाउँपालिकामार्फत रु. ५० लाख गरी जम्मा रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

३४. वडा नं १ र ४ को सिमानाबाट बलखु भञ्ज्याङसम्म सडक मर्मतका लागि रु. १० लाख रकम विनियोजन गरेको छु।

३५. सुनकोशी गाउँपालिकाको वडा नं. १०, वडा नं. ९ र गाउँपालिकाको केन्द्र जोड्ने गाउँपालिकाको गौरवको आयोजना **मान्द्रे दोभान-कोषभङ्याङ-मुलखर्क ग्रामीण सडक योजना**का लागि प्रदेशमार्फत रु. ४० लाख र स्थानीय तहमार्फत रु. ३० लाख गरी जम्मा रु. ७० लाख बजेट व्यवस्था गरेको छु।

भवन, आवास तथा शहरी विकास

३६. गाउँपालिकाभित्रका सार्वजनिक भवन तथा पूर्वाधारहरुको निर्माण तथा स्तरोन्नतिको लागि बलखु माध्यमिक विद्यालय भवनका लागि रु. ३० लाख, कालिका माध्यमिक विद्यालय, कोषहाट भवनका लागि रु. ३० लाख तथा वडा नं. २ कार्यालय वाल तथा घेराबार निर्माणका लागि रु. १५ लाख विनियोजन गरेको छु।

३७. स्थानीय बजारको व्यवस्थापन तथा पूर्वाधार विकासलाई सुदृढ बनाउन फलाटे बजार व्यवस्थापन तथा निर्माणका लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु।

३८. **पिपलडाँडा स्वास्थ्य सेवा केन्द्र, सुनकोशी -२ भवन निर्माण**को लागि रु. १० लाख विनियोजन गरेको छु।

गाउँसभाका अध्यक्ष्यज्यू,

३९. वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, जलाधार संरक्षण तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

४०. विपद् व्यवस्थापन तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन जिल्ला सेफ हाउस अनुदान तथा विपद् व्यवस्थापन कोषमार्फत आवश्यक बजेट विनियोजन गरेको छु।

४१. भूमि व्यवस्थापन तथा प्राकृतिक स्रोतको दिगो उपयोगका लागि भू-उपयोग (जग्गा वर्गीकरण) योजना सञ्चालनका लागि रु. १५ लाख विनियोजन गरेको छु।

गाउँसभाका अध्यक्ष्यज्यू,

४२. गाउँपालिकाको प्रशासनिक तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रशासनिक तथा कार्यालय सञ्चालन खर्च, वडा कार्यालय सञ्चालन खर्च तथा स्वास्थ्य संस्था सञ्चालन खर्चका लागि रु. ९ करोड ४० लाख रकम विनियोजन गरेकोछु।

४३. गाउँपालिकाको शैक्षिक क्षेत्र सुधार गर्ने उद्देश्यको लागि विद्यालयहरुमा कार्यरत बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीको मनोबल उच्च पार्न विद्यालय कर्मचारीको मासिक तलब भत्तामा रु. ३ हजार ५ सय वृद्धि गर्दै रु. ७३ लाख विनियोजन गरेको छु।

४४. सामुदायिक विद्यालयहरुमा लामो समयदेखि कार्यरत बाल विकास सहजकर्ताहरु सेवाबाट अलग भएकालाई सम्मान स्वरुप उपदानको व्यवस्था गर्न रु. १० लाख र ६० वर्ष उमेर कटेका विद्यालय सहयोगीहरु सेवाबाट अवकाश भएकालाई उपदानको लागि रु. ५ लाख गरी जम्मा रु. १५ लाख उपदानको लागि रकम विनियोजन गरेको छु।

४५. प्राकृतिक प्रकोप, आपत् विपद् भैपरी आएमा नागरिकको धनजन क्षति न्यूनीकरण गर्न, उद्धार गर्न र राहत उपलब्ध गर्नको लागि प्रकोप व्यवस्थापन कोषमा भएको रकममा थप हुने गरी रु. २० लाख रकम विनियोजन गरेको छु।

४६. सूचना प्रविधि तथा सुशासन प्रवर्द्धन गर्दै स्थानीय तहमा अभिलेख व्यवस्थापन, तथ्याङ्क संकलन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ।

